सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न. ८३५

मितिः २०८२।१०।११

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।०९ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

..........................

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

## मिति २०८२।१०।०९ गते

## गाउँकार्यपालिकाको बहत्तरौं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्बन्धमा ।

२. रासी र गनाहा खोलाबाट ढूंगा गिट्टी र वालुवा निकासी सम्बन्धमा।

३. LISP परियोजनाका योजनाको बाकी रकमको योजना छनौट सम्वन्धमा ।

४. विधालय भवन रंगरोगन सम्बन्धमा ।

५. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको जानकारी सम्वन्धमा ।

६. मध्य पहाडी मकैवाली प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा।

८. बिबिध सम्बन्धमा।

- वन प्राविधिकको पारिश्रमिक सम्बन्धमा ।
- जनकल्याण मा.वि.रानीबास, स्वर्ण महोत्सव सहयोग सम्बन्धमा ।
- बलाङ्गकेट वितरण सम्बन्धमा ।

त्रिविक्रम ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-७२**

**मिति: २०८२।१०।०९ गते**

## गाउँकार्यपालिकाको बहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १ प्रगती समिक्षा सम्वन्धमा ।**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०९।०९ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। साथै वडा कार्यालय, शाखाहरुबाट हाल सम्म भएको प्रगतिको अवस्थाको विषयमा जानकारी भयो ।

**निर्णय न.२ नदिजन्य पदार्थ (ढुंगा, गिट्टि र बालुवा) को उत्खनन, संकलन र निकासी सम्बन्धमा।**

क)यस सरुमारानी गाउँकार्यपालिका अन्तर्गत राप्ति नदि र गनाहा खोलाका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उत्खनन् संकलन र विक्रिवितरण लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि र वालुवा) को उत्खनन् तथा विक्रिवितरण लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिबाट मिति २०८२।१०।८ गते अनुमती भएको विषयमा जानकारी भयो जस अनुसार ढुङ्गा, गिट्टि र वालुवाको व्यवसायिक संकलन तथा विक्रि वितरणको नियमानुसार सूचना प्रकाशन ठेक्का बन्दोवस्ती गरी प्रकृया पुरा गर्दा लामो समय लाग्ने भएकोले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विकास निर्माणका सम्पूर्ण कामहरु विशेष गरी चालू आ.ब.मा यस गाउँपालिकामा संचालनमा रहेको स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा ठुला प्रकृतिका पूर्वाधार निमार्णका कामहरु समयमै सम्पन्न गरी सम्बन्धित निकायमा सोधभर्नाको निम्ति पठाउनु पर्ने भएको, संघीय र प्रदेस सरकारका समपुरक र शसर्त अनुदानका ठूला प्रकृतिका योजना समयमै सम्पन्न गर्नु पर्ने आवश्यकता भएकोले ढुङ्गा, गिट्टि र वालुवा निकासीको कारण संचालन गर्न हाल सम्म नसकिएको, निर्माण व्यवसायी र उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणका कामहरु ढुङ्गा, गिट्टि र वालुवाको कारण सुरु हुन नसकेको हुनाले ब्यापक जनगुनासो, दवाव तथा विगत ५/६ बर्षदेखी यस गाउँपालिकाले ढुङ्गा, गिट्टि र वालुवाको ठेक्का सूचना प्रकाशन गर्दा पनि ठेक्का नपरेको अवस्थालाई समेत मध्यनजर गरी राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिले ढुङ्गा, गिट्टि र वालुवा उत्खनन र संकलनको लागि दिईएको सहमति पालना गर्दै लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ ब्यबस्थापन कार्यविधि, २०७५ बमोजिम गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन जिल्ला बाहिर निकासा गर्न नपाउने गरी आन्तरिक खपतको प्रयोजनको लागि मात्र विगतमा जस्तै सरुमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरु खटाई ढुङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन निकासी तथा व्यबस्थापन कार्य तपशिलका शर्त अनुसार २०८२।१०।१३ गते देखी सुरु गर्ने निर्णय गरियो ।

तपशिल

- ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन र निकासीका लागी निम्न तोकिएका स्थानहरुबाट मात्र उत्खनन र निकासी गर्नु पर्ने ।

| सि.न. | नदि खोलाको नाम | स्वीकृत क्षेत्र | उत्खनन सहमति प्राप्त परिमाण घ.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | राप्ती नदि | झिलिवाङ्ग धाद्रघाट | १४२५५ | |
| २ | राप्ती नदि | रानीवगर | ११३१० | |
| ३ | राप्ती नदि | तित्रिबाझ वेलघाट | १३२३७ | |
| ४ | राप्ती नदि | सुनघाट | १५५७० | |
| ५ | राप्ती नदि | ददेरी घाट | १८४७० | |
| ६ | गनाहा खोला | गनाहाफाट/ जोगिढुङ्गा वाध देखी अदुवा वारी माथि | २१५९ | |
| ७ | गनाहा खोला | घोप खोला दोभान देखी खारा रह सम्म | २१८७ | |
| | | कुल जम्मा | ७७१८८ | |

- प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार भ्याट सहित प्रति टेक्टर रु. ५४५/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. १६८०/-, ८ चक्के टिप्परको प्रति टिप्पर रु. २०४०/- १० चक्के टिप्परको प्रति टिप्पर रु. २६४०/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ। तोकिएका स्थानबाट गाउँपालिकाबाट खटिएका कर्मचारी बाहेक अन्य व्यक्तिले नगदी रसिदको प्रयोग गर्न नपाईने ।
- ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यवस्थापनको मिति २०८२।१०।१३ गते देखी २०८३ जेष्ठ मसान्त सम्म मात्र लागु हुने ।
- २०८२ फागुन मसान्त सम्म प्रत्येक दिन विहान ७.०० बजे देखि साझ ५.०० बजे भित्र र २०८२ चैत्र महिना देखी २०८२ जेष्ठ मसान्त सम्म विहान ६.३० बजे देखी साझ ६.३० बजे सम्म ढुंङ्गा, गिट्टि र वालुवा खोलाबाट निकासी गर्न पाईनेछ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना गर्ने ।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक देखी प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु.

१०,०००/- र दोश्रो पटक देखी प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना गर्ने।

- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवा लगेर अनावश्यक रुपमा गैर कानुनी ढंगले डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गर्ने ।
- यस कार्यमा कार्यालयबाट रासी नदिघाटमा खटाईएका कर्मचारीहरुलाई दैनिक रु ७६५/- थप सुविधा उपलब्ध गराउने ।
- गनाह खोलाघाटबाट ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलनको लागि सामुदायिक स्वास्थ्य ईकाई गनाहका कर्मचारी मार्फत कार्यालयबाटै नगदी रसिद काटेर मात्र ढुवानी गरिनेछ। गनाहाखोलाको ढुंगा,गिट्टी र वालुवा निकासी २०८२ चैत्र मसान्त मात्र खुला गर्ने ।
- गाउँपालिकाको क्षेत्र भित्रका साथै स्थानीय प्रयोजन बाहेक ढुंङ्गा, गिट्टि र वालुवा अन्य बाहिरी जिल्लामा निकासा गरेको पाईएमा/प्रमाणित भएमा प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम कार्वाही गरिने ब्यहोरा समेत सूचित गर्ने ।
- ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलनको कार्यालयबाट कम्तिमा १५/१५ दिनमा अनुगमन गर्ने व्यवस्था मिलाई थप प्रभावकारी वनाउने ।

क) ठेक्का प्रकृयाबाट निर्माण कार्य गरिने ठूला योजनाहरुमा वेल्चा, गैटी जस्ता सामाग्रीको प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन र निकासी गरी निर्माण कार्य गर्न संभव नभएकोले प्यूठान जिल्ला सरुमारानी गाउँपालिका क्षेत्र अन्तरगत रासी नदिका ददेरी घाट र रानीवगर घाट, झिलीवाङ्ग घाट, सुनघाट र तित्रिवाझ वेलघाटबाट दिगो तथा वातावरणीय मैत्रीरुपमा नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा संकलन कार्यको लागि तयार पारिएको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८२ मा उल्लेख भएका प्रावधानहरु उलंघन नहुने गरी रासी नदीका तोकिएका घाटमा थुप्रिएको नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) खोला/नदीलाई च्यानलाईज गरी नदि संरक्षण गर्नु पर्ने स्थानवाट मेसीनरी उपकरण प्रयोग गरी उत्खनन र निकासी गरी ठेक्का प्रकृयाबाट निर्माण कार्य गरिने ठूला योजना निर्माणकार्यको प्रयोजनको लागि मात्र मेसिनेरी उपकरण/डोजर प्रयोग गर्न अनुमति प्रदान गर्न सकिनेछ ।साथै यस प्रकारका ठुला योजनाहरुको मेसिनरी उपकरणहरु प्रयोग गर्नको लागि आवश्यक सहजीकरणको निमित्त जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायलाई जानकारी एवं अनुरोध गर्ने निर्णय समेत गरियो ।

**निर्णय न. ३ LISP परियोजनाका योजनाको बाकी रकमको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP ) को सम्बन्धमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।३।२६ गतेको बैठकको निर्णय नं. ६ मा

उल्लेख भएका योजनाका साथै तत्कालिन आवश्यकतालाई मध्यनजर गरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP ) को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरु मध्ये ठेक्कापट्टा प्रकृया मार्फत कार्यान्वयनका लागि अगाडी बढाएका योजनाहरुको ठेक्काअंकमा घटन गई बचत रहेको रकम रु. ९३,९८,६५५.०५ मध्येबाट तपशिलका योजनाहरुमा थप बजेट विनियोजन गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

तपशिल

| | योजनाको नाम | जम्मा रु. | कैफियत |
|---|---|---|---|
| १ | साविक वडा नं ३ र ४ लिफ्ट सिंचाई वडा नं. १ (दोश्रो चरण) | ५,००,०००.०० | |
| २ | रत्ने राङ्गवाङ्ग जस्पुर सिद्धलेख मो. बा. वडा नं ५ (दोश्रो चरण) | २०,००,०००.०० | |
| ३ | साकिने वुढिचौर कुटिचौर ओज्जेनी मो वा वडा नं. ६ (दोश्रो चरण) | ४८,००,०००.०० | |
| ४ | कुडुले सिरुवारी संचरखोला मो वा वडा नं ४ (दोश्रो चरण) | २०,००,०००.०० | |
| ५ | LISP सडकहरुको मर्मत संभार (पहिले विनियोजनमा छुट) | ९८,६५५.०५ | |
| | कुल जम्मा | ९३,९८,६५५.०५ | |

कुल जम्मा-त्रियानब्वे लाख अन्ठानब्वे हजार छ सय पचपन्न रुपैया पैसा पाँच मात्र ।

**निर्णय नं. ४ विधालय भवन रंगरोगन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दाबजेट किताबको विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट निम्न विधालयलाई रंगरोगन वापत प्रति विधालय रु. २५,०००/-(पच्चिस हजार मात्र) का दरले सहयोग उपलब्ध गराउने निर्णय गरियो।

- श्री खड्क ने.रा.प्रा.वि. वडा नं. १ झिलिवाङ्ग ।

**निर्णय नं. ५ राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकार शिक्षा तथा मावनस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.न. ५१ मिति २०८२।०९।२९ गतेको पत्र अनुसार राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि यस गाउँपालिकाको जनता मा.वि. वडा नं. ४ वड्डाडाको लागि ४ कोठे भवन निर्माणको लागि रु. ६०,००,०००/- (साठी लाख मात्र) बजेट स्वीकृत भई आयकोले उक्त भवन निर्माणको कार्य नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ मध्य पहाडी मकैवाली प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत मध्य पहाडी मकैवाली प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाअनुसार पेश भएको श्री सुर्योदय कृषि तथा पशुपालन कृषक समूह, सरुमारानी गाउँपालिका-३, धुवाकोट तथा आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास निरन्तरता कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाअनुसार पेश भएको श्री ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लि., सरुमारानी गाउँपालिका-४, बङ्गाडा को प्रस्तावलाई छनोट गरी कार्यविधिले तोके बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ आर्थिक सहायता सम्बन्धमा।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका संस्था/व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय/अनुमोदन गरियो ।

तपशिल

| क्र.स | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | धनबहादर सारु/जित बहादुर सारु | वडा न. ४ | १५,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |

- सरुमारानी गाउँपालिका वडा नं. ३ सिपाहीवारी निवासी रुद्रविर सुनारको छोरा तुल्सीराम सुनारको मिति २०८२/९/२५ गते आगालागी भई ४ कोठाको घरगोठ पुर्ण रुपमा क्षती भएकोले विपद/प्रकोप ब्यबस्थापन कोषबाट रु.१५,०००/-(पन्ध्र हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।
- सरुमारानी गाउँपालिका वडा नं. २ ददरी बस्ने खेम प्रसाद श्रेष्ठको मिति २०८२।९।३० गते आगलागि भई काठ, जस्तापाताले छाएको भैसी बाध्ने गोठसमेत आंशिक क्षती भएकोले विपद/प्रकोप ब्यबस्थापन कोषबाट रु.१०,०००/- (दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।
- सरुमारानी गाउँपालिका वडा नं १ आटीटार निवासी डेम बहादुर सुनारको श्रीमती जिवा सुनारको मिति २०८२।९।१६ गते घरमा आगोलागि भई धेरै क्षती भएकोले प्रकोप ब्यबस्थापन कोषबाट रु.१५,०००/-(पन्ध्र हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।
- राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति शाखा प्युठानलाई रु. १०,०००/- (दश हजार मात्र) संघसंस्था सहयोग शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८ बिबिध सम्बन्धमा।**

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

- **वन प्राविधिकको पारिश्रमिक सम्बन्धमा ।**

  प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालय, रेडकार्यान्वयन केन्द्र बबरमहल काठमान्डौंको च.न. १०१ मिति २०८२।६।५ को पत्र, समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को दफा नं. २.२.९.१ मा वन प्राविधिकको पारिश्रमिक तलव तथा भत्ता अधिकृत स्तर सातौं तहको कायम भई बजेट ब्यवस्था समेत भएको र सो सम्बन्धमा यस गाउँपालिकामा कार्यरत वन प्राविधिक क्षितिज कुमार गिरीले यस कार्यालयमा मिति २०८२।९।२१ मा दिएको निवेदन समेतलाई मध्यनजर गरी निजले वन विज्ञानमा स्नातक पास गरेको र कर्मचारी विज्ञापन गर्दा समेत सो योग्यता उल्लेख भई अधिकृत स्तर छैठौंतहमा करार सेवा भर्ना गरिएता पनि निजलाई उपर्यूक्त कानुनी आधारमा नेपाल सरकारले तोकेको अधिकृत सातौं तहको तलव भत्ता सुविधा २०८२ माघ महिना देखी लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

- **जनकल्याण मा.वि.रानीबास, स्वर्ण महोत्सव सहयोग सम्बन्धमा ।**

  श्री जनकल्याण मा.वि. ऐरावती गाउँपालिका वडा २ रानीवासको ५० औं बर्ष प्रवेश गरेको उपलक्ष्यमा स्वर्ण महोत्सव मनाउन अन्य संघसंस्था सहायता शिर्षकबाट रु. १५,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- **बलाङ्केट वितरण सम्बन्धमा ।**

  यस गाउँपालिकाको संघीय विशेष अनुदान शिर्षकबाट विपन्न परिवारका जेष्ठनागरिकहरुको लागि खरिद गरिएका बलाङ्केटहरु अतिविपन्न परिवार र उमेर समूहलाई मुख्य आधारमानी प्रत्येक वडामा कम्तीमा १०/१० का दरले उपलब्ध गराई वितरण गर्ने निर्णय गरियो र बाकी १४ वटा बलाङ्केट पछि सम्वन्धित वडाको सिफारिस र विपन्नता पहिचानका आधारमा वितरण गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/१०/११